बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति: २०८३/०३/०४ (बिहीबार)
बैठक संख्या: ७५ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल
समय : विहानः ८.३० बजे ।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूंको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७५ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

**उपस्थितिः**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | | **सहजकर्ता कर्मचारी** | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/०४ को बैठक

बेसीशहर नगर कार्यपालिकाको कार्यालय
लमजुङ, गण्डकी प्रदेश, नेपाल

**नगर कार्यपालिकाको मिति २०८३/०३/०४ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा सम्बन्धमा ।

३. विविध

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**
मिति २०८३/०२/२१ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा सम्बन्धमा ।**
बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी यस सम्बन्धी विभिन्न कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्दै आएको बेसीशहर नगरपालिका वडा नं ५ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने सम्बन्धमा उक्त वडा कार्यालयको च.नं. ५७१, मिति २०८३/०२/१२ को प्राप्त पत्र र उक्त पत्रसाथ संलग्न बालमैत्री वडा घोषणाका चरण र सूचक प्राप्तिको प्रगति प्रतिवेदन सहित नगर कार्यपालिकाको कार्यालयबाट जिल्लास्तरीय अनुगमनको लागि च.नं. ३४३९, मिति २०८३/०२/१९ को पत्रमार्फत जिल्ला समन्वय समिति लमजुङलाई अनुरोध गरिए बमोजिम उक्त अनुगमन समितिले मिति २०८३/०२/२९ मा उक्त वडाको स्थलगत अनुगमन गरि सो अनुगमन समितिको मिति २०८३/०३/०१ को बैठकबाट बालमैत्री वडा घोषणाको लागि सिफारिस भई जिल्ला समन्वय समिति लमजुङको च.नं. ३४६, मिति २०८३/०३/०१ को प्राप्त पत्रमार्फत उक्त वडालाई बालमैत्री वडा घोषणाको लागि सहमति प्रदान भै सकेको हुँदा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ को दफा २१ अनुसार बेसीशहर नगरपालिका वडा नं ५ लाई मिति २०८३/०३/०६ गते शनिबारका दिन एक समारोहका विच बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ : विविध**
आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तथा आर्थिक विधेयक लगायतका विषयमा छलफल हुनुको साथै यस सम्बन्धमा निर्णयमा पुग्नको लागि मिति २०८३/०३/०७ गते आइतबारका दिन कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख